# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग ४ गते २०३० साल


श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वीरगञ्ज रानीघाट स्थित एगृईञ्जिनीयरिङ्ग डेभलपमेण्ट रिसर्च सेक्सन (कृषि औजार कारखाना) को कृषि औजारहरू परीक्षण गर्नको लागि नारायणी अञ्चल, पर्सा जिल्ला, श्रीपूर पञ्चायत वार्ड नं. ४ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कृषि औजार केन्द्रको जग्गा, पश्चिम कुलो, उत्तर मनभरमी धनुकाईको जग्गा, दक्षिण कृषि औजार केन्द्रको कम्पाउण्ड यति चार किल्लाभित्रको कि. नं. ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७ र ३८ को मालपोत रू. ५८।२३ (अण्ठाउन्न रूपैयाँ तेइस पैसा) लाग्ने जम्मा जग्गा बिगाहा १–६–३ (एक बिगाहा छ कट्ठा तीन धुर) को किता – – –१

आज्ञाले–

वासुदेव प्याकुरेल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।